# याङवरक गाँउपालिका

# स्थानीय राजपत्र

खण्ड: ४ संख्या: ८ मिति:२०७७/०९/१६

## भाग - २

## याङवरक गाउँपालिका

**याङवरक गाउँपालिका**
**थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यविधि,२०७७**

**प्रस्तावना:**

ग्रामिण क्षेत्रको भुगोल भएका क्षेत्रमा बेमौषमी तरकारी खेती, फलफुल तथा तरकारीको बेर्ना उत्पादन गरि कृषकहरु लाई व्यवसायिक बनाउँदै आर्थिक रुपमा मजबुद बनाउने उद्देश्य साथै दिर्घकालिन रुपमा कृषकहरुले फलफुल तथा तरकारी खेती बाट नाफामुलक आयआर्जन गर्ने हेतुले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा (११) को उपदफा (ण) बमोजिम यस कार्यविधि जारी गरिएको छ । थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यक्रम लाई कार्यान्वयनमा ल्याउने कार्यबिधि स्वीकृत भएको मिति देखि लागु हुने छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यविधि"रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ।

(क) "गाउँपालिका" भन्नाले याङवरक गाउँपालिका पाँचथरलाईसम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले याङवरक गाउँ कार्यपालिका पाँचथरलाईसम्झनु पर्छ ।

(ग) "अध्यक्ष" भन्नाले याङवरक गाउँपालिका अध्यक्ष भन्ने सम्झनुपर्दछ ।

(घ) "उपाध्यक्ष" भन्नाले याङवरक गाउँपालिका उपाध्यक्ष भन्ने सम्झनुपर्दछ ।

(ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले याङवरक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

(च) "स्थानीय सरकार" भन्नाले याङवरक गाउँपालिका वा नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनुपर्दछ ।

(छ) "कार्यविभाजन नियमावली" भन्नाले याङवरक गाउँ कार्यपालिका(कार्यविभाजन) नियमावली, २०७४ सम्झनुपर्छ ।

(ज) "प्लाष्टिक टनेल" भन्नाले बेमौषमी फलफुल तथा तरकारी साथै अन्य बाली खेती गर्न प्रतिकुल मौषम लाई अनुकुल बनाउन प्रयोग गरिने पलाष्टिक छापो लाई प्लाष्टिक टनेल भनिन्छ ।

(झ) "कृषक" भन्नाले यस गाउँपालिकामा स्थायी वा अस्थायीबसोबास गर्ने सम्पुर्ण कृषकलाई सम्झनु पर्छ ।

(ञ) "कृषक समुह" भन्नाले गाउँपालिकामा नियमानुसार दर्ता भएका वा सो भन्दा अघि विषयगत रुपमा दर्ता भएका कृषक समुह सम्झनुपर्दछ । यसमा विभिन्न समुह सेवाका समेतलाई जनाउदछ ।

(ट) "कृषि" भन्नाले आफ्नो जिवन चलाउन भुमिमा पशु तथा कृषि जन्य फसल उत्पादन गर्न गरिने क्रिया लाई कृषि भनिन्छ ।

(ठ) "कृषि इकाई" भन्नाले याङवरक गाउँपालिका कृषि इकाईलाई सम्झनु पर्छ ।

(ड) "इकाई प्रमुख"भन्नाले याङवरक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि बिकास इकाई प्रमुख सम्झनुपर्दछ ।

(ढ) "अनुदान" भन्नाले यस कार्यक्रम अन्तर्गत बितरण गरिने प्लाटिक टनेलमा दिईने छुट लाई सम्झनु पर्ने छ ।

(ण) "प्रस्तावना" भन्नाले संघ, प्रदेश सरकार, स्थानीय सरकार वा अन्य विभिन्न निकायवाट आव्हान भएका सुचनाहरु समेतलाई जनाउदछ ।

(त) "कार्यक्रम" भन्नाले अनुदानमा बेर्ना बितरण तथा नर्सरी व्यवस्थापन सम्वन्धि विभिन्न कार्यक्रमहरु भन्ने सम्झनुपर्दछ ।

(ठ) "लक्षितवर्ग" भन्नाले गाउँपालिका भित्रका सम्पुर्ण कृषक,कृषक समुह तथा कृषि सहकारीहरु लाई सम्झनुपर्दछ ।

(द) "साझेदारी"भन्नाले विभिन्न कार्यक्रम सञ्चालनका लागि सरकारी तथा गैह्र सरकारी र निज स्वयम् किसान वीचको द्धिपक्षीय बहुपक्षीय सम्झौतामा सञ्चालन हुने कार्यक्रमहरुको साझेदारी सम्झनुपर्दछ ।

(ध) "विषयगत निकाय" भन्नाले याङवरक गाउँपालिका कृषि बिकास ईकाइ सम्झनु पर्दछ ।

३. **कार्यक्रमको उद्धेश्य :**

१. बेमैषममा पनि सिंचाईको समुचित तथा न्यायोचित तरिकाले प्रयोग गरि गुणस्तरिय तरकारी उत्पादन गर्नु ।

**४. प्लाष्टिक टनेल बितरण संबन्धि सुचना तथा आवस्यक कागजातहरु :**

१) यस कार्यक्रम संचालनका लागि संबन्धित कार्यालयले स्वीकृत बार्षिक कार्यक्रम अनुसार उत्पादन गरेका बिरुवाहरु बितरणका लागी सार्वजनिक रुपमा अधिकतम कृषकहरुसम्म सूचनाको पँहुच पुग्ने गरी आवेदन मागका लागि कम्तीमा १५ दिनको सुचना प्रसारण गर्नु पर्ने छ ।

२) यस कार्यक्रमको आवेदनका लागी माग निवेदनको ढाँचा अनुसुची १ बमोजिम रहने छ ।

३) उपदफा (१) बमोजिम प्राप्त आवेदन अनुसार लाभग्राही छनौट गरि स्वीकृत कार्यक्रम अनुसार अनुदानमा थोपा सिंचाई सहित प्लाष्टिक टनेल कृषक तथा कृषक समुहहरु लाई बितरण गरिने छ ।

४) आवेदनका लागी आवस्यक कागजातहरु छ ।

१. नागरिकताको प्रतिलिपि,
२. जग्गा धनिपुर्जा प्रमाण पत्रको प्रतिलिपि,
३. वडा कार्यालयको सिफारिस,
४. निवेदन,

**५. टनेल बितरणमा अनुदान रकमको सिमा**

यस टनेल बितरण कार्यक्रममा स्वीकृत बार्षिक कार्यक्रमको आधारमा अनुदानमा प्लाष्टिक टनेल बितरण गरिने छ ।

**६. छनौट तथा सिफारिस समिति :** (१) यस प्लाष्टिक टनेल बितरण कार्यक्रममा लाभग्राही छनौट गर्न देहाय अनुसारको एक छनौट तथा सिफारिस समिति रहनेछ ।

| | | |
|---|---|---|
| याङवरक गाउँपालिका अध्यक्ष | संयोजक | १ |
| गाउँपालिका उपाध्यक्ष | सदस्य | १ |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |
| आर्थिक विकास समितिको संयोजक | सदस्य | १ |
| सम्वन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव | १ |

(२) छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार :

(१) यस कार्यक्रमको लाभग्राही छनौट गरि गाउँ कार्यपालिकाको कार्यालयमा पेश गर्ने ।

**७. अनुगमन समिति**

(१) यस प्लाष्टिक टनेल बितरण कार्यक्रमलाई प्रभावकारी बनाउनको लागि देहाय बमोजिमको एक अनुगमन समिति रहनेछ ।

निम्न

| | | |
|---|---|---|
| गाउँपालिका उपाध्यक्ष - | संयोजक | १ |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य | १ |
| आर्थिक विकास समितिको संयोजक | सदस्य | १ |
| सम्वन्धित विषयगत इकाई प्रमुख | सदस्य सचिव | १ |

(२) अनुगमन समितिको काम कर्तव्य र अधिकार :

(१) प्लाष्टिक टनेल बितरण पस्चात त्यसको अनुगमन गर्ने ।

(२) अनुगमनको क्रममा देखिएका तथ्यको आधारमा कार्यक्रमको प्रभावकारीता, पहुँच तथा समस्याको पहिचान तथा समाधान सहित सम्बन्धित निकायमा सुझाव सहित पेश गर्ने,

(३) कार्यविधिको लक्ष्य तथा उदेश्य अनुरुप काम भएको वा नभएको प्रभावकारीता मूल्याङकन गरि आवश्यक कार्यक्रम तर्जुमा तथा निति तय गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

**८. यस कार्यक्रमको लक्षित बर्ग**

१ यस कार्यक्रममा लामो समय देखी व्यवसायिक बमौषमी तरकारी खेती गर्दै आएका, पानीको स्रोत कम भएको क्षेत्रमा तरकारी खेती गर्ने, आर्थिक रुपमा कम्जोर कृषकहरु, दलित, एकल महिला, अपाङ्गता भएका व्यक्तिका परिवार आदी ।

**९. अभिलेख तथा प्रगति प्रतिवेदनः**

(१) यस कार्यक्रम कार्यबिधिले निर्धारित गरेका सम्पूर्ण नियम अनुसारका कागजपत्रहरुको व्यवस्थापन गर्ने कार्य सम्बन्धित विषयगत निकायलेगर्नेछ ।

(२). यस कार्यक्रम संचालन पस्चात बिषयगत निकायले अनुसुची (४) बमोजिम बार्षिक रुपमा अभिलेख राख्ने छ ।

**९. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

**१०. परिमार्जन तथा संशोधनः** यो कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

अनुसुची १
याङवरक गाँउपालिका
प्लाष्टिक टनेल कार्यविधि २०७७
दफा ३ को उपदफा २ सँग सम्वन्धित

**थोपा सिंचाई सहित प्लाष्टिक टनेल माँगको लागी निवेदनको ढाँचा**

श्री

मिति :

श्रीमान् ईकाइ प्रमुख ज्यू
कृषि विकास ईकाइ
याङवरक गा.पा.थर्पु,पाँचथर

**विषय :थोपा सिंचाई सहित प्लाष्टिक टनेल माँग सम्बन्धमा ।**

महोदय,

प्रस्तुत बिषयमा यस याङवरक गाँउपालिका कृषि विकास ईकाइको कार्यक्रम अनुसार........प्रतिशत अनुदानमा बितरण हुने थोपा सिंचाई सहित प्लाष्टिक टनेल पाँउ भनि यो निवेदन पेश गर्दछु ।

निवेदक
नाम :
ठेगाना :
सम्पर्क नं. :

अनुसुची २
याङवरक गाँउपालिका
थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यविधि २०७७
दफा ६को उपदफा ६ सँग सम्वन्धित

कृषक/कृषक समुहको नाम :
ठेगाना :

| सि.नं. | आधारहरु | पुणाङक | प्राप्ताङक | कैफियत |
|---|---|---|---|---|
| १ | लामो समय देखी तरकारी खेती गर्दे आएको | २० | | |
| ३ | पानीको स्रोत कम भएको क्षेत्रमा तरकारी खेती गर्ने कृषक | ३० | | |
| ४ | आर्थिक अवस्था न्युनभएको कृषक | ३० | | |
| | अपाङ्गता भएका परिवार, एकल महिला, दलित | २० | | |
| | जम्मा | १०० | | |

अनुसुची ३
याङवरक गाँउपालिका
थोपा सिंचाई सहित प्लाष्टिक टनेल बितरण कार्यबिधि २०७७
दफा ८ को उपदफा २ सँग सम्वन्धित
प्लाष्टिक टनेल बितरण कार्यक्रम संचालन पस्चात राखिने अभिलेखको ढाँचा
आ.व ..........।..........

| क.स | कृषक/कृषक समुहको नाम | ठेगाना | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
रोहिणी आचार्य
प्रमुख प्रशासकीय अधिकृत